## परिच्छेद -६
## विविध

**१०.** आप्रवासी पुनर्स्थापनाका लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा आन्तरिक स्रोतलाई आप्रवासी हकहित संरक्षण सञ्जालमार्फत पनि कार्यान्वयन गर्न सकिनेछ।

**११.** मलंगवा नगरपालिकाको कार्यपालिकाबाट बहुमतको निर्णयानुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सकिनेछ।

१२. यो कार्यविधि निर्माण हुनु पूर्व सुरक्षित आप्रवसन परियोजनाबाट भए गरिएका कार्यहरू यसै निर्देशिकाअनुसार भए गरिएको मानिने छ।

१३. यस कार्यविधिमा उल्लेख भएका कुराहरु नेपालको प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

१४. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा सुरक्षित आप्रवासन व्यवस्थापन निर्देशक समितिले बाधा अडकाउ फुकाउन सक्नेछ।

*****

# अनुसूची १

## आप्रवासी स्रोत केन्द्र सञ्चालनका लागि न्यूनतम आवश्यकता एवं पूर्वाधारहरू

| मापदण्ड | न्यूनतम आवश्यकताहरू |
|---|---|
| स्रोत केन्द्रको अवस्थिति (स्थान) | आप्रवासन स्रोत केन्द्र, राहदानीको लागि निवेदन दिने स्थान जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयभित्र वा संगै जोडिएको स्थानमा हुनुपर्ने वा पालिका स्वयंले संचालन गर्ने हो भने आर्थिक/सामाजिक/रोजगार शाखा भित्र सेवाग्राहीको सहज पहुँच हुने स्थानमा संचालन गर्ने । |
| आप्रवासी स्रोत केन्द्रको आकार र कोठाहरू | कम्तीमा १२X१० फिट साइजका २ कोठा हुनुपर्दछ ( एक कोठा पुरुष सेवाग्राही र अर्को कोठा महिला सेवाग्राहीको साथै एउटा केही ठूलो आकारको सभा कक्षामा समूहगत परामर्श कक्षको सहज पहुँच भएको हुनुपर्ने । |
| परामर्श दिने कार्यका लागि न्यूनतम जनशक्ति | दुई जना परामर्शकर्ता (२ जना महिला १ जना पुरुष) |
| न्यूनतम उपकरणहरू | ल्यापटप २, प्रिन्टर १, फोटोकपी मेसिन १, स्क्यानर १, प्रोजेक्टर १, स्पिकर टेलिभिजन १, इन्टरनेट सुविधा २, ल्यान्डलाइन टेलिफोन ३, अफिस टेबल ३ र कुर्सी २० |
| प्रचार प्रसार सामग्री | निम्न विषयमा आधारित प्रचार सामग्री चाहिनेछ:<br>१.सुरक्षित आप्रवासन (वैदेशिक रोजगारका लागि) चाहिने आधारभूत सूचना भएको पुस्तिका,<br>२.महिला कामदार केन्द्रित सूचना सामग्री,<br>३.सीप तालिम सम्बन्धी जानकारी भएको सामाग्री,<br>४. कानुनी सेवा तथा प्रावधान सम्बन्धी जानकारी भएको सामाग्री, |
| तथ्यांक/अभिलेख व्यवस्थापन | १.अनलाइन डाटा प्रणालीको व्यवस्था भएको,<br>२.संभावित आप्रवासी, सीप तालिम, न्यायमा सहजीकरण लगायतका सेवाग्राहीहरुको प्रभावकारी बस्तावेजिकरणको व्यवस्था भएको, |

dNo ?